लक्ष्मी गौतम
उप-प्रमुख
इटहरी उप-महानगरपालिका
फोन नं. ०२५-५८०५०९

Laxmi Gautam
Deputy Mayor

# प्रेस विज्ञप्ती

**उद्योग वाणिज्य संघ इटहरीको असार १२ गते भएको २० औं र २१ औं साधारणसभा एवं भवन उदघाटन समारोहमा मैले शुभकामना दिने क्रममा दिएको मन्तब्यका वारेमा प्रष्ट पार्न यो विज्ञप्ती जारी गरिएको छ ।**

१, मन्तब्यका क्रममा ब्यापार ब्यवसाय र उद्योगनै सन्चालन नगरेका ब्यक्तिलाई चुनाव जीत्ने प्रयोजनका लागि जवरजस्ती ब्यवसायी वनाएका न्यून आयस्तर भएका विपन्न वर्गका ब्यक्तिले सालसालै नगरपालिकालाई र राजश्व कार्यालयलाई कसरी कर वुझाउन सक्छन ?त्यो अनावश्क थोपरिएको कर कसले वुझाइदिने हो ? करको ठूलो आकारको कारणले उनीहरुको छोराछोरीको नागरिकता सिफारिस रोकिने अवस्था आँउछ कि आउदैन ? यस्को जवाफ कसले दिने हो ? सिफारिस रोकिने अवस्था आँउदा तपाईहरुको स्वार्थका लागि उद्योग वाणिज्य संघको सदस्य वनाइएका गैरब्यापारीले तिर्नुपर्ने कर के तपाईहरु प्रत्येक साल तिरीदिनुहुन्छ ? भनि मैले भोली आउने वास्तविक समस्याका वारेमा यर्थाथ वताउन चाहेको मात्रै हो । मैले जनताको छोराछोरीको नागरिकता सिफारिस रोकिदिन्छु किमार्थ भनेको हैन भन्ने तथ्य स्पष्ट गर्न चाहन्छु ।

२, कार्यक्रममा मैले कुनै उमेद्वारलाई मत दिनुहोस वा नदिनुहोस नभनेको प्रष्ट पार्न चाहन्छु । मैले वोलिरहदा एकाध ब्यक्तिहरुले हल्ला गरेका हुन तर मैले वोलेको विषयमा त्यहाँ उपस्थित वास्तविक उद्योगी,ब्यापारी,ब्यवसायिहरुले कुनै असन्तुष्ठि जनाएका थिएनन् र जे वोलिएको हो त्यस सन्दर्भमा म पूर्ण रुपमा विश्वस्त र जिम्मेवार छु । तर वोल्दै नवोलेका कुरा संप्रेषित भएको हुदाँ मैले यस विषयमा प्रष्ट पार्न चाहेको ब्यहोरा अनुरोध गर्दछु । सत्य तथ्य यर्थाथ विवरण कार्यक्रमको अडियो,भिडियो हेरेमा स्पष्ट हुनेनै छ ।

मिति २०७६।०३।१३

लक्ष्मी गौतम्
उपप्रमुख
इटहरी उपमहानगरपालिका

**लक्ष्मी गौतम**
**उप-प्रमुख**